राष्ट्र र जनताप्रति प्रतिबद्ध
महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# द पब्लिक टुडे
The Public Today National Daily
राष्ट्रिय दैनिक

वर्ष १३ | अंक ३१० | २०८३ साउन ७ गते बिहिबार | (Thursday, 23 July, 2026) | पृष्ठ ४ | मुल्य रु. ५


# कार्तिक कुमार सनसाइन इङ्गलिस बोर्डिङ स्कुल

बटेश्वर गा.पा.-२, धनुषा



Hostel ADMISSION OPEN

- के तपाईंको बच्चा पढाइमा कमजोर छ ?
- अनुशासनमा समस्या छ ?
- पढाइमा ध्यान दिन सकिरहेको छैन ?
- घरमा उचित अध्ययन वातावरण पाइरहेको छैन ?

– अब चिन्ता नगर्नुहोस् । कार्तिक कुमार सनसाइन इङ्गलिस बोर्डिङ स्कुल बटेश्वर-२ धनुषामा अनुभवी शिक्षक, अभिभावकजस्तै हेरचाह, नियमित अध्ययन, अनुशासित जीवनशैली तथा पारिवारिक वातावरणमा प्रत्येक विद्यार्थीको व्यक्तित्व विकास गर्ने उद्देश्यसहित हामीले होस्टेलमा भर्ना खुल्ला गरेका छौं ।

## हाम्रो विशेषताहरू

- सुरक्षित, शान्त र पारिवारिक वातावरण
- २४ घण्टा अनुभवी शिक्षक तथा होस्टेल सुपरभिजन
- नियमित अध्ययन, अतिरिक्त कक्षा र गृहकार्य व्यवस्थापन
- अनुशासन, नैतिक शिक्षा र जीवन सीपमा विशेष जोड
- खेलकुद, नेतृत्व विकास तथा प्रतिभा पहिचानका अवसर
- प्रत्येक विद्यार्थीको व्यक्तिगत प्रगतिको निरन्तर निगरानी
- पौष्टिक तथा स्वच्छ खानाको व्यवस्था



सम्पर्क
संस्थापक/प्रिन्सिपल
श्रवण कुमार महतो
९८४४५९१४९३/९८०४८२५०५८



साथै, मधेशको कैलास 'टुटेश्वर' एवं नेपालको बाबाधामस्थित टुटेश्वरनाथ महादेव मन्दिरको दर्शन, पूजा-आराधना तथा श्रावणी बोलबम मेलामा सहभागी हुन आउनुहुने सम्पूर्ण श्रद्धालु भक्तजनहरूलाई हार्दिक स्वागत तथा मंगलमय शुभकामना समेत व्यक्त गर्दछौं ।

आजको सही निर्णयले तपाईंको बच्चाको उज्ज्वल भविष्य निर्माण गर्छ ।

राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक ३१० | २०८३ साउन ७ गते बिहिवार | (Thursday, 23 July, 2026) | पृष्ठ ४ | मुल्य रु. ५

# मधेशको कैलास टुटेश्वरमा 'चट्टीबाबा'को चासो



गोपालप्रसाद बराल

*टुटेश्वर(महोत्तरी), साउन ६ गते ।*

मधेश साँस्कृतिक चाडपर्व र विभिन्न परम्पराका दृष्टिले समृद्ध मानिन्छ । मधेशको पनि प्राचीन मिथिला क्षेत्रमा त प्रत्येक दिनलाई कुनैनकुनै पर्वविशेषले जोडेकै हुन्छ । यो प्राचीन मिथिला अहिले शिव भक्तिमा डुबेको छ। मिथिला क्षेत्रका सबै शिव मन्दिर साउने मेलाको रौनकले रङ्गिएको देखिदो छ ।

यही साउने बोलबम मेलाको रन्कोमा अहिले महोत्तरीको बर्दिबास-५ टुटेश्वरअवस्थित टुटेश्वरनाथ महादेव मन्दिर देखिन्छ। यसपालि साउन लागेदेखि नै 'मधेशको कैलास' भनिने टुटेश्वरनाथ महादेव मन्दिर परिसरमा देशदेशावरका साधुसन्त जुटेका छन् । यिनै साधुको जमातभित्रका छन्, 'चट्टीबाबा' । चट्टीबाबा अर्थात् सबै प्रकारका आधुनिक वस्त्र उतारेर 'चट्टी' धारण गरेका ।

'यह शिवधाम है, यहां आ'के किसिको खाली हाथ लौटना नहीं पडता' मन्दिर परिसरमा घुमफिर गर्दै साउन लागेदेखि नै यहीं आसन जमाएका चट्टीबाबा भन्छन्, यह शिव बासस्थानका छोटा कैलास है ।' यहाँको धर्ती टेकेर शिव आराधना गरिनासाथ मनका क्लेश मेटिएर मन, वचन र कर्म पवित्र बन्ने चट्टीबाबाको अनुभव छ ।

'सुने हो न, भगवान शिव कैलास बास करते हैं, कैलास याने पर्वतों का शिखर !' उनी भन्छन्, 'देख रहे हो , यह शिवालय भी पहाडी चोटी पर है। इसिलिए इसे मधेश का कैलास' कहा जाता है ।'

वस्त्र चट्टी धारण गरेपनि आधुनिक सञ्चार सुविधा उपयोग गरिरहेका चट्टीबाबासँग अत्याधुनिक मोवाइल सेट छ । भारत वर्षका कैयन तीर्थस्थलको भ्रमण गरेका उनी 'मधेशको कैलास' अर्थात् टुटेश्वरधाम पुग्नासाथ दैवी उपस्थिति वोध हुने गरेको अनुभव सुनाउँछन् ।

सांसारिक नाउँ रामवालक दासबाट अब 'चट्टीबाबा' कै परिचय बनाएका उनी चुरे क्षेत्रको यो भूमि आदिकालमा ऋषिमुनिको तपोभूमि रहेको बताउँछन् ।

'आप सभी विदेहराज जनक को सुने हो न, उन के विद्वतसभा के महाज्ञानी अष्टावक्र नें इसी पर्वत श्रेणी के काछ में ज्ञान प्राप्त किया था' चुरे पहाडतिर देखाउँदै उनी भन्छन्, 'यह सिद्धो का भूमि है ।'

यी र अन्य साधुसन्त, सिद्ध योगी र इतिहासका अन्वेषकहरुले रातु , कमला, माण्डवीगङ्गा, वरुणवती, स्वर्णमती र बागमती नदीसम्मको चुरे श्रेणी अध्यात्मिक जागरणका दृष्टिले अत्यन्त उर्वर रहेको बताउँदै आएका छन् । यहाँको रातु सभ्यता त १० हजार वर्ष पुरानो

*- बाँकी पृष्ठ ३ मा*

# 'मधेशमा बलियो पार्टी नबने कम्युनिस्ट आन्दोलन दुर्घटनामा पर्छ'



द पब्लिक टुडे समाचारदाता

*गौशाला, साउन ६ गते ।*

नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल प्रचण्डले मधेश प्रदेशमा सुदृढ पार्टी निर्माण गर्न नसकिए देश र समग्र कम्युनिस्ट आन्दोलनले ठूलो दुर्घटना व्यहोर्नुपर्ने खतरा रहेको बताएका छन् ।

जनकपुरधाममा आयोजित मधेश प्रदेश समितिका पदाधिकारी तथा सदस्यहरूको शपथग्रहण तथा एकता भेला समारोहलाई सम्बोधन गर्दै उनले मधेश प्रदेश जनसंख्या र विकासको दृष्टिकोणले अत्यन्त सम्भावना र चुनौती बोकेको प्रदेश भएकाले यहाँको राजनीतिक संगठनलाई विशेष प्राथमिकतामा राखिएको स्पष्ट पारे ।

उनले मधेशमा पार्टीलाई बलियो बनाउन सकिए आगामी दिनमा पार्टी, मधेश र समग्र मधेश आन्दोलनका लागि सशक्त राजनीतिक शक्ति निर्माण गर्न सकिने उल्लेख गरे । तर, त्यसो गर्न नसकिए देश र कम्युनिस्ट आन्दोलनले गम्भीर क्षति बेहोर्नुपर्ने अवस्था आउन सक्ने उनको चेतावनी थियो ।

'मधेशमा पार्टी राम्रो बनाउन सकियो भने आउने दिनमा पार्टी, मधेश र समग्र मधेश आन्दोलनको लागि एउटा बलियो शक्ति निर्माण गर्न सकिन्छ,' उनले भने, 'मधेशमा राम्रो पार्टी बनाउन सकिएन भने यो देशले पनि र कम्युनिस्ट आन्दोलनले निकै ठूलो दुर्घटना खेप्नु पर्ने खतरा हामीले देखेका छौं ।'

प्रचण्डले वर्तमान अवस्थामा नेकपाले मधेशमा पार्टी निर्माणलाई उच्च प्राथमिकतामा राखेको बताउँदै संगठन विस्तार, जनसम्पर्क वृद्धि र कार्यकर्तालाई सक्रिय बनाउने अभियानलाई प्रभावकारी ढंगले अघि बढाइने जानकारी दिए ।

कार्यक्रममा उनले हालै निर्वाचित मधेश प्रदेश समितिका पदाधिकारी तथा सदस्यहरूलाई शपथग्रहण गराएका छन् भने पार्टीका नेताकार्यकर्तासँग विभिन्न चरणमा अन्तरक्रिया गरी प्राप्त सुझावहरूलाई समेटेर अघि बढ्ने प्रतिबद्धता पनि व्यक्त गरेका छन् ।

# बालकको मृत्यु प्रकरणमा नाबालिका नियन्त्रणमा

## दुर्घटना लुकाउन शव बोरामा हालेर पोखरीमा फालेको खुलासा

द पब्लिक टुडे समाचारदाता

*गौशाला, साउन ६ गते ।*



महोत्तरीको सम्सी गाउँपालिकामा ३ वर्षीय बालकको हत्या आशंकासहित अनुसन्धान भइरहेको घटनामा प्रहरीले एक नाबालिकालाई नियन्त्रणमा लिएको छ । प्रारम्भिक अनुसन्धानमा बालकको मृत्यु साइकलको ठक्करबाट भएको र घटना लुकाउने उद्देश्यले शव बोरामा हालेर पोखरीमा फालिएको खुलेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ ।

प्रहरीका अनुसार सम्सी गाउँपालिका-५ पोखरभिण्डाका ३ वर्षीय मनिकेश कुमार यादव गत जेठ २२ गते साँझ घरबाहिर खेल्ने क्रममा बेपत्ता भएका थिए । खोजतलासका क्रममा जेठ २४ गते साँझ स्थानीय पानी पोखरीमा बोराभित्र उनको शव फेला परेको थियो । घटनास्थलबाट बालकले दुवै हातमा लगाएका चाँदीका बाला पनि हराएका थिए ।

घटनाको सूक्ष्म अनुसन्धानका क्रममा प्रहरीले करिब १५ वर्षीया एक नाबालिकामाथि शंका गरी साउन ५ गते नियन्त्रणमा लिएर सोधपुछ गरेको थियो । सो क्रममा नाबालिकाले मल बोकेको साइकल खेततर्फ लैजाँदै गर्दा ब्रेक नभएका कारण विपरीत दिशाबाट दौडँदै आएका बालक साइकलअगाडि परेको र ठक्करपछि साइकलका दुवै चक्का बालकको छातीमाथि चढ्दा उनको मृत्यु भएको बयान दिएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार घटना सार्वजनिक हुने डरले नाबालिकाले बालकको शव शिवम् सिमेन्टको बोरामा राखी करिब ३०० मिटर टाढाको पानी पोखरीमा लगेर फालेकी थिइन् । साथै बालकको हातमा रहेका दुई थान चाँदीका बाला पनि निकालेर लुकाएकी थिइन् ।

अनुसन्धानका क्रममा प्रहरीले हराएका दुई थान चाँदीका बाला तथा दुर्घटनामा प्रयोग भएको साइकल बरामद गरेको छ। जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी नायव उपरीक्षक पञ्च लाल गोलेका अनुसार नाबालिकालाई साउन ५ गते नियन्त्रणमा लिई महोत्तरी जिल्ला अदालतबाट कर्तव्य ज्यान मुद्दामा पाँच दिनको म्याद थप गरी थप अनुसन्धान भइरहेको छ ।

## सम्पादकिय............

# ढल्केबरलाई सुरक्षित र मर्यादित बनाऔँ

पूर्व-पश्चिम राजमार्ग र जनकपुरधाम जोड्ने मुख्य प्रवेशद्वारका रूपमा रहेको ढल्केबर आज मधेस प्रदेशको महत्वपूर्ण आर्थिक केन्द्रका रूपमा विकसित हुँदैछ । व्यापार, यातायात, बैंकिङ, होटल तथा अन्य सेवा क्षेत्रको तीव्र विस्तारले यसको सम्भावना झन् उज्यालो बनेको छ । तर कुनै पनि सहरको विकास सडक, भवन र बजारको विस्तारले मात्र पूर्ण हुँदैन । त्यहाँ कानुनको शासन, सामाजिक अनुशासन र नागरिकको सुरक्षाको प्रत्याभूति पनि उत्तिकै बलियो हुनुपर्छ ।

ढल्केबरका केही होटलमा हुने अवाञ्छित तथा कानुनविपरीत गतिविधिप्रति स्थानीयवासीले लामो समयदेखि चिन्ता व्यक्त गर्दै आएका थिए । यस विषयलाई सञ्चारमाध्यमले सार्वजनिक गरेपछि प्रहरी प्रशासन सक्रिय भई अनुगमन र कारबाही अघि बढाउनु स्वागतयोग्य कदम हो । तर प्रश्न उठ्छ–यस्ता गतिविधि एकाएक सुरु भएका हुन् कि नियमन गर्ने निकायको बेवास्ताका कारण मौलाउँदै गएका हुन् ? यदि कानुनी अनुगमन नियमित र प्रभावकारी भएको भए अवस्था यहाँसम्म पुग्ने थिएन ।

होटल व्यवसाय कुनै अपराधको पर्याय होइन । यो पर्यटन, व्यापार र रोजगारीसँग जोडिएको सम्मानित व्यवसाय हो । तर केही गैरजिम्मेवार सञ्चालकका कारण सम्पूर्ण व्यवसाय नै प्रश्नको घेरामा पर्नु दुःखद हो । त्यसैले कानुनको पालना गर्ने व्यवसायीलाई प्रोत्साहन र उल्लैन गर्नेलाई बिना कुनै दबाब कानुनी कारबाही गर्ने नीति अपनाइनुपर्छ । यसले इमानदार व्यवसायीको पनि संरक्षण गर्छ ।

ढल्केबरका होटलमा भएका मृत्युको घटनाले पनि नियमन, सुरक्षा र जिम्मेवारीबारे गम्भीर प्रश्न उठाएका छन् । अनुसन्धानले दोषी वा निर्दोष छुट्याउनेछ, तर त्यस्ता घटना दोहोरिन नदिन अहिलेबाटै प्रभावकारी उपाय आवश्यक छ । मिथिला नगरपालिका, प्रहरी प्रशासन, होटल व्यवसायी, नागरिक समाज, अभिभावक र राजनीतिक नेतृत्व सबैले आृनो जिम्मेवारीबाट पन्छिन मिल्दैन । नियमित अनुगमन, पाहुना अभिलेखको कडाइ, कानुनी मापदण्डको पूर्ण पालना र सामाजिक सचेतनालाई सँगसँगै अघि बढाउन सके मात्र ढल्केबर विकाससँगै सुरक्षित, सभ्य र मर्यादित बजारका रूपमा स्थापित हुनेछ । विकासको वास्तविक मापन भवनको उचाइले होइन, समाजको चरित्र र कानुनको प्रभावकारी कार्यान्वयनले हुन्छ ।

## राशिफल

मेष - आम्दानी बढ्नाले उत्साह जाग्नेछ ।
वृष - उपलब्धि हातलागी हुनेछ ।
मिथुन - जिम्मेवारी समेत बढ्नेछ ।
कर्कट - नतिजा तत्काल प्राप्त नहुन सक्छ ।
सिंह - दोहोर्याएर प्रयत्न गर्नुपर्ला ।
कन्या - आम्दानी कम हुनेछ ।
तुला - अधिकार स्थापित गर्न सकिनेछ ।
वृश्चिक - जग बसाउने मौका छ ।
धनु - परिवारजनसँग भेटघाट हुनेछ ।
मकर - काम प्रारम्भ गर्ने समय छ ।
कुम्भ - सहयोगीहरूले साथ दिनेछन् ।
मिन - हौसला प्रदान गर्नेछ ।

# समकक्षता विश्वविद्यालय अनुदान अब आयोगबाट, काम अनलाइनबाटै हुने




**द पब्लिक टुडे समाचारदाता**

*गौशाला, साउन ६ गते ।*

विश्वविद्यालय अनुदान आयोगले उच्च शिक्षाका उपाधि समकक्षता निर्धारणको काम सुरु गरेको छ । आयोगका उपनिर्देशक दुलराज चिमोरियाका अनुसार बुधबारदेखि समकक्षता निर्धारणको काम सुरु गरिएको हो ।

यसअघि समकक्षता त्रिभुवन विश्वविद्यालय, पाठ्यक्रम विकास केन्द्रबाट हुने गरेको थियो । केन्द्रले समकक्षताको आवेदन दिन बन्द गरिसकेको छ । र, १ साउनदेखि समकक्षता निर्धारणको जिम्मेवारी आयोगले पाएको हो । विश्वविद्यालय अनुदान आयोग ऐनलाई संशोधन गरी समकक्षताको काम आयोगलाई दिइएको हो । समकक्षताको लागि भौतिक रूपमा कार्यालयमा उपस्थित हुन पर्दैन । 'अनलाइनबाट हुन्छ । निवेदन हालेपछि ओटीपी मोबाइल, इमेलमा जान्छ । भौतिकरुपमा आउनु पर्दैन,' उपनिर्देशक चिमोरियाले भने, 'जहाँ बसेर पनि आवेदन दिन पाइयो ।' हार्डकपीलाई निरुत्साहित गर्न अनलाइनलाई जोड दिइएको हो । समकक्षताका लागि कार्यालयमै पुगे पनि अनलाइनबाटै आवेदन दिनुपर्ने हुन्छ । आयोगले संकाय अनुसारको ११ वटा क्लस्टर बनाएर विज्ञको टिमबाट समकक्षता निर्धारण गर्नेछ । 'प्रत्येक क्लस्टरमा ५ जना विज्ञ रहनु हुन्छ । समकक्षतामा विवाद नआओस् र सहिले मात्र पाओस् भनेर विज्ञ राखिएको हो । विज्ञले हेरेर दिन मिल्ने भनेपछि मात्र सर्टिफिकेट दिइन्छ,' उनले भने, 'समकक्षता निर्धारण भएपछि सर्टिफिकेट विद्यार्थीले आफैं प्रिन्ट गर्न मिल्छ ।' त्रिविले हालसम्मको समकक्षताको डकुमेन्ट हस्तान्तरणको प्रक्रिया पनि अगाडि बढाएको छ ।

'त्रिविले समकक्षताबारे सहयोग गरिरहेको छ । तथ्यांक दिने काम भएको छ । अन्य डकुमेन्ट हस्तान्तरणको प्रक्रिया पनि भइरहेको छ,' चिमोरियाले भने, 'त्रिवि र विश्वविद्यालय अनुदान आयोगबीच पहिले कसरी भएको थियो भनेर कार्यक्रम सञ्चालन गर्‍यौं ।'

## मधेशको कैलास टुटेश्वरमा 'चट्टीबाबा'को...

रहेको पशिचमा विद्वान अन्वेषक गुडन कार्विन्सले पाषाण युग कालीन हतियार कारखानाबारेको आफ्नो प्रतिवेदनमै उल्लेख गरेकी छन् ।

पौराणिक र पुरातात्विक महत्वका दृष्टिले यो ठाउँ अत्यन्त महत्वपूर्ण रहेपनि यस क्षेत्रको संरक्षण र प्रबर्द्धनमा पछिल्ला दिनमा प्रभावकारी काम हुन नसकेको टुटेश्वरधाम आइपुगेका टाढाटाढाका धार्मिक यात्रीहरुको प्रतिकृया हुने गरेको छ । 'यहाँ तो पर्यटन प्रबर्द्धन के क्षेत्र में बहुत सारे कार्य किया जा सकता है, इस दिशा में यहाँ के सरकार और जनजन परिचालित हो' टुटेश्वरधाममा भेटिएका भारतको शिवहर क्षेत्रका साधु देवशरण दास भन्छन्, 'यह स्वर्ग का टुकडा है ।' पछिल्ला दिनमा टाढाटाढासम्मकाश्रद्धालु दर्शनकै लागि टुटेश्वरधाम आउने क्रम बाक्लिएको टुटेश्वरबासी बताउँछन् । टाढाटाढासम्मका श्रद्धालुको चासो र यो क्षेत्रको पौराणिक तथा पुरातात्विक महत्वका बारे थप कुरा बढी रहनुले अब यसको संरक्षण र सम्बर्द्धनमा योजनाबद्ध काम हुने आस पलाउदै आएको टुटेश्वर महादेव मन्दिर संरक्षण समितिका अध्यक्ष राजाराम यादव बताउँछन् ।

## ६ अर्ब ६ करोड ७८ लाख...

लाख ३७ हजार, स्वास्थ्य जोखिम करतर्फ रु चार लाख ३१ हजार र अन्यतर्फ तीन करोड ४० लाख ८७ हजार राजस्व सङ्कलन भएको प्रमुख गुप्ताले बताए ।

अघिल्लो आव २०८१/८२ मा रु चार अर्ब ८८ करोड राजस्व सङ्कलन गर्ने लक्ष्य लिएकामा रु चार अर्ब ९० करोड सङ्कलन गरेको थियो । प्रमुख गुप्ताका अनुसार आव २०८२/८३ मा रु छ अर्ब ८५ करोड ७२ लाख ५५ हजार राजस्व सङ्कलन गर्ने वार्षिक लक्ष्य थियो । सो कार्यालयमा व्यक्तिगत र व्यावसायिक लगायत गरी एक लाख ७३ हजार नौ सय ६८ करदाता रहेका छन् ।

करदाताको घरमा पुग्ने, टेलिफोन र एसएमएसमार्फत ताकेता गर्ने, कर छुटसम्बन्धी सुविधाबारे प्रचारप्रसार गर्नेलगायतका अभियान सञ्चालन गरी करिब रु १० करोडभन्दा बढी पुरानो बक्यौता असुली भएको प्रमुख गुप्ताले बताए ।

## मिटरब्याज पीडितमाथि...

विरुद्ध पैदल न्याय मार्च"का सहभागी पीडित आन्दोलनकारी पनि थिए।सो आन्दोलन सकेर घर फर्किएपछि साहु महाजनले इन्दल सहनीको जग्गामा धान रोप्न जबर जस्ती गरेका थिए ।

साहु विशाल शाहको नेतृत्वमा उनका छोराहरू विशेषर शाह,लक्ष्मण शाह,जगदीश शाह,राम प्रवेश शाह र श्रीमती समेतको समूह मिलेर पीडित इन्दल सहनीमाथि कुटपिट गरिएको थियो ।

पीडित इन्दल सहनीसँगै उनका छोराहरू उमेश सहनी ,मुना सहनी र श्रीमती भगवती कुमारी सहनी लगायत चार जना गम्भिर रूपमा चोट लागि घाइते भएका छन् ।

साहुमहाजनले पीडितको जग्गा हडप्न मरणासन्न हुने गरी पीडितमाथि आक्रमण गरेका आरोप छ ।

हाल पीडित परिवार बरहथवामा उपचाररत रहेका छन् ।

## मिटरब्याजका फर्जी तमसुक...

गरिदिएका छन् । साहु-महाजनले तमसुकलाई आधार बनाएर ब्याजलाई साँवामा गाभ्दै ऋणको रकम अस्वाभाविक रूपमा बढाएर तिर्नै नसक्ने अवस्था सिर्जना गरेको र अन्ततः पीडितलाई घरबारविहीन बनाएको महतोको भनाइ छ ।

यही अन्यायविरुद्ध मिटरब्याजपीडितहरूले २५ असारमा धनुषाको जनकपुरस्थित तृतीयागाछीबाट काठमाडौंलाई लक्षित गर्दै 'पैदल न्याय मार्च' सुरु गरेका थिए । कतिपय पीडितविरुद्ध पक्राउ पुर्जी जारी हुन थालेपछि न्यायको माग गर्दै उनीहरू सडकमा उत्रिएका थिए ।

पैदल न्याय मार्च बाराको निजगढ पुगेपछि वार्ताका लागि गृहमन्त्री सुधन गुरुङ त्यहाँ पुगेका थिए । पीडितहरू बसेको निजगढस्थित उद्योग वाणिज्य संघको भवनमा ३० असारमा पुगेका गुरुङले तीन दिनसम्म पीडितका प्रतिनिधिसँग छलफल गरेका थिए ।

त्यसक्रममा काठमाडौंमा निर्णायक वार्ता गर्ने सहमति भएको थियो । त्यसपछि राजधानी आएका आन्दोलनरत मिटरब्याजपीडितका अगुवा र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव पुष्कर सापकोटाको नेतृत्वमा रहेको सरकारी टोलीबीच १ साउनमा वार्ता भएको थियो । सोही वार्तामा ९ बुँदे सहमति भएको थियो । सहमतिपछि पीडितहरूले आन्दोलन स्थगित गर्दै घर फर्किएका थिए ।

सहमतिपत्रमा हस्ताक्षर हुनु र त्यसलाई मन्त्रिपरिषद्ले अनुमोदन गर्नु महत्त्वपूर्ण सफलता भए पनि निर्णयको प्रभावकारी कार्यान्वयन अबको मुख्य चुनौती रहेको मिटरब्याजविरुद्धको आन्दोलनकी अगुवा लक्ष्मी घिमिरेले बताइन् ।

'सरकारको निर्णय खुसीको कुरा हो,' उनले भनिन्, 'तर यसको कार्यान्वयन हुन्छ कि हुँदैन, त्यो मुख्य पाटो अझै बाँकी छ । हामी निरन्तर संघर्षमै छौं ।' विपन्न वर्गलाई साहु-महाजनको शरणमा जानुपर्ने बाध्यता अन्त्य गर्न राज्यले बैंक तथा वित्तीय संस्थाबाट सहज रूपमा ऋण पाउने वातावरण बनाउनुपर्ने घिमिरेको भनाइ छ । जिल्ला प्रशासन कार्यालय र प्रहरीले साहु-महाजनको प्रभावमा नपरी निष्पक्ष रूपमा काम गर्नुपर्ने पीडितहरूको माग छ ।

सरकारले मिटरब्याजलाई आर्थिक अपराध घोषणा गर्ने प्रस्ताव मन्त्रिपरिषद्मा लैजाने तथा यसको नियन्त्रणका लागि विशेष कानुन बनाउने प्रतिबद्धता जनाएको थियो ।

काठमाडौंमा १ साउनमा भएको सहमतिअनुसार गृह मन्त्रालयले तीन महिनाभित्र मिटरब्याज नियन्त्रणसम्बन्धी विशेष ऐनको मस्यौदा तयार गर्ने उल्लेख छ ।

प्रस्तावित ऐनमा मिटरब्याजसम्बन्धी मुद्दा हेर्न छुट्टै न्यायाधिकरण गठन गर्ने, पीडितको सम्पत्ति फिर्ता गराउने तथा उचित क्षतिपूर्तिको व्यवस्था गर्ने विषय समेटिने भनिएको छ ।

वडा कार्यालयमार्फत हुने ऋण लेनदेन प्रमाणीकरण गर्दा रकमको वैधानिक स्रोत र बैंकिङ कारोबारको प्रमाण अनिवार्य गरिने तथा भ्रष्टाचार वा अन्य आपराधिक लाभबाट आर्जित रकम मिटरब्याजमा लगानी गर्नेहरूमाथि कडा कानुनी कारबाही गर्ने सहमति पनि भएको छ । अब मन्त्रिपरिषद्को निर्णयअनुसार फर्जी लिखत अवैध घोषणा गर्ने प्रक्रिया व्यवहारमा कसरी कार्यान्वयन हुन्छ र त्यस्ता लिखतका आधारमा गुमेको पीडितको सम्पत्ति कसरी फिर्ता हुन्छ भन्ने विषय महत्वपूर्ण बनेको छ ।

# एकैदिन ४४ फरार प्रतिवादी पक्राउ



राष्ट्रिय समाचार समिति

*काठमाडौं, साउन ६ गते ।*

जिल्ला प्रहरी कार्यालय धनुषाले अदालतबाट कैद तथा जरिवाना सजाय तोकिएपछि फरार रहेका एकैदिन ४४ जना प्रतिवादीलाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषा प्रवक्ता प्रहरी नायब उपरीक्षक( डीएसपी) मधुसुदन न्यौपानेका अनुसार बुधवार एकै दिन विभिन्न स्थानबाट ४४ जना फरार प्रतिवादीलाई पक्राउ गरिएको हो ।

पक्राउ परेका प्रतिवादीलाई खोजतलासका क्रममा जिल्ला प्रहरी कार्यालय तथा मातहतका प्रहरी एकाइले नियन्त्रणमा लिई आवश्यक कारवाहीका लागि धनुषा जिल्ला अदालतमा उपस्थित गराइएको डीएसपी न्यौपानेले बताए । पक्राउ परेकामध्ये सबैभन्दा बढी लागुऔषधसम्बन्धी मुद्दाका प्रतिवादी रहेका छन् । यस्तै, चोरी, मोटरसाइकल चोरी, बहुविवाह, सवारी ज्यान, कर्तव्य ज्यान, अपहरण तथा शरीर बन्धक, लुटपाट, कुटपिट, गाली बेइज्जती र सवारी अङ्गभङ्गलगायत विभिन्न मुद्दाका फरार प्रतिवादी पनि पक्राउ परेको डीएसपी न्यौपाने बताए । पक्राउ परेका अदालतबाट छ दिनदेखि चार वर्षसम्म कैद सजाय तथा ५०० रुपैयाँदेखि एक लाख ५० हजार रुपैयाँसम्म जरिवाना तोकिएको थियो । अदालतको फैसला कार्यान्वयन अभियानअन्तर्गत फरार प्रतिवादीलाई निरन्तर खोजी गरी पक्राउ गर्ने अभियान जारी रहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ । अदालतको फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउन फरार प्रतिवादीको खोजी तथा पक्राउ अभियानलाई आगामी दिनमा पनि निरन्तरता दिइने डीएसपी न्यौपानेको भनाइ छ ।

# मिटरब्याजका फर्जी तमसुक, चेक र दृष्टिबन्धकी अवैध घोषणा




द पब्लिक टुडे समाचारदाता

*गौशाला, साउन ६ गते ।*

सरकारले मिटरब्याज कारोबारका क्रममा बनाइएका फर्जी तमसुक, चेक, दृष्टिबन्धकीलगायतका लिखतलाई अवैध घोषणा गरेको छ । अनुचित लेनदेन (मिटरब्याज) का पीडितसँग भएको ९ बुँदे सहमति मन्त्रिपरिषद्ले अनुमोदन गर्दै त्यस्ता फर्जी लिखत खारेज गर्ने निर्णय गरेको हो ।

सरकारको यो निर्णयसँगै मिटरब्याजका नाममा ऋणीले लिएको वास्तविक रकमभन्दा दोब्बर-तेब्बर बढी रकम उल्लेख गरी बनाइएका तमसुक, खाली चेकमा गराइएका सहीछाप तथा जबर्जस्ती गराइएका रजिस्ट्रेसन र दृष्टिबन्धकीलगायतका लिखतको कानुनी हैसियत समाप्त हुने भएको छ । यस्ता फर्जी लिखतको आधारमा घरबारविहीन हुन पुगेका तथा मुद्दा-मामिला खेपिरहेका पीडितले सरकारको निर्णयबाट राहत महसुस गरेका छन् ।

अनुचित लेनदेन (मिटरब्याज) बाट प्रभावित नागरिकका माग सम्बोधन गर्ने सन्दर्भमा आन्दोलनरत पक्षसँग भएको सम्झौता अनुमोदन गर्दै मन्त्रिपरिषद्ले फर्जी लिखतलाई अवैध घोषणा गरेको हो ।

सरकारको निर्णयले गर्जो टार्ने निहुँमा ऋण दिने र त्यसैको आडमा फर्जी तमसुक बनाएर ऋणीको उठिबास लगाउने साहु-महाजनको 'चेत खुल्ने' मिटरब्याजविरुद्ध पीडित किसान-मजदुर आन्दोलनका भोजपुरा इन्चार्ज शिवशंकर महतोले बताए ।

'सरकारले हामीसँग गरेको सहमतिअनुसार कार्यान्वयनको सुरुवात गरेको छ,' उनले भने, 'अझै धेरै बुँदा कार्यान्वयनमा ल्याउन जरुरी छ । सरकारको निर्णयलाई हामी स्वागत गर्छौं ।'

मन्त्रिपरिषद्बाट निर्णय भए पनि यसलाई कानुन बनाएरै मूर्तरूप दिनुपर्ने महतोले बताए । उनका अनुसार मधेश प्रदेशमा मात्रै एक लाखभन्दा बढी तमसुक साहु-महाजनको हातमा छन् । पीडितले लिएको वास्तविक रकमभन्दा चार गुणासम्म बढी रकम उल्लेख गरेर तमसुक बनाइएको उनको दाबी छ । अधिकांश पीडितले तमसुकका अतिरिक्त आफ्नो घरजग्गासमेत साहुका नाममा रजिस्ट्रेसन पास

*- बाँकी पृष्ठ ३ मा*

# ६ अर्ब ६ करोड ७८ लाख राजस्व सङ्कलन

राष्ट्रिय समाचार समिति

*जनकपुरधाम, साउन ६ गते ।*

बजारमा देखिएको आर्थिक तरलताका बाबजुद आन्तरिक राजस्व कार्यालय जनकपुरधाम, धनुषाले आर्थिक वर्ष २०८२/८३ मा रु छ अर्ब छ करोड ७८ लाख ८८ हजार राजस्व सङ्कलन गरेको छ ।

आन्तरिक राजस्व कार्यालय जनकपुरधामका प्रमुख आनन्दकुमार गुप्ताका अनुसार विभिन्न अभियानमार्फत पुरानो बक्यौता असुली र बजार अनुगमनलाई तीव्रता दिएपछि लक्ष्यको ८८ दशमलव ४९ प्रतिशत राजस्व सङ्कलन भएको हो । आव २०८२/८३ मा सो कार्यालयले अन्तशुल्कतर्फ रु दुई अर्ब ५५ करोड सात लाख ३० हजार, आयकरतर्फ रु दुई अर्ब छ करोड ८२ लाख एक हजार र मूल्यअभिवृद्धि करतर्फ रु एक अर्ब २८ करोड ४० लाख ९९ हजार राजस्व सङ्कलन गरेको छ ।

यस्तै व्याजकरतर्फ रु सात करोड ७८ लाख तीन हजार, बहालकरतर्फ रु पाँच करोड २५

*- बाँकी पृष्ठ ३ मा*

# मिटरब्याज पीडितमाथि आक्रमण

द पब्लिक टुडे समाचारदाता

*गौशाला, साउन ६ गते ।*



सर्लाहीको बसबरिया गाउँपालिका -२ निवासी पीडित इन्दल सहनीमाथि मिटरब्याजी साहुमहाजनको कुटपिटबाट गम्भीर घाइते भएका छन् ।

मिटरब्याजी साहु लक्ष्मी कुर्मी राउतसँग इन्दल सहनिले रु.८ लाख रुपैयाँ ऋण लिएका थिए । ऋण लिँदा ग्यारेन्टीको रूपमा पीडितको २६कठ्ठा जमिन धितो पास भनेर राजीनामा पास गराइएको थियो ।।मौखिक रूपमा जमिन सावा ब्याज चुक्ता गरेपछि फिर्ता गर्ने सर्त थियो ।।

पीडित इन्दल सहनिले ६ लाख बुझाएको र पछि पटक पटक गरेर जम्मा १०/११ लाख बुझाइसकेको थियो । वडा कार्यालयमा जग्गा फिर्ता गर्ने सहमति पनि भएको थियो । तर साहु लक्ष्मी कुर्मी राउतको निधन भयो ।

त्यसपछि साहु लक्ष्मी कुर्मी राउतको छोरा बिलास शाहले सो जग्गा अर्कैके नाममा बिक्री गरिदिएका थिए ।

पीडित इन्दल सहनिले साहुबाट लिएको रकम सबै चुक्ता गरेपछि आफ्नो जमिन फिर्ता गर्न पटक पटक अनुरोध गर्दा पनि फिर्ता गरेको थिएन। तर सो जग्गामा इन्दल सहनिले १० वर्षदेखि हालसम्म स्वयं आफैले जग्गा जोतभोग गरिरहेका थिए ।

पीडित इन्दल सहनी "मिटरब्याज

*- बाँकी पृष्ठ ३ मा*

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

यस युवरानी एग्रो इन्डस्ट्रिज लिमिटेडका लागि तपसिलका पदहरुमा उर्जावान, लगशील र अनुभवी कर्मचारीहरुको आवश्यकता परेकोले योग्यता पुगेका इच्छुक व्यक्तिहरुबाट आवेदन आह्वान गरिन्छ ।

| क्र.सं. | पद | संख्या | क्र.सं. | पद | संख्या |
|---|---|---|---|---|---|
| १ | एच.आर. (HR) | १ | ११ | खरिद संयोजक (Logistics Coordinator) | १ |
| २ | लेखा सहायक (Acct. Assist) | २ | १२ | सुपरभाईजर (Supervisor) | १० |
| ३ | मार्केटिङ अफिसर (Markting Executive) | १ | १३ | चालक (Driver) | २ |
| ४ | इलेक्ट्रिसियन (Electrician) | १ | १४ | बिक्री तथा बजार व्यवस्थापक (Sales and Marketing Manager) | ५ |
| ५ | प्लम्बर (Plumber) | १ | | | |
| ६ | ल्याब प्राविधिक (Lab Technician) | १ | १५ | फिड अपरेटर (Feed Operation) | १ |
| ७ | ब्वाइलर अपरेटर (Boiler Operation) | १ | १६ | सुरक्षा गार्ड (Serurity Guard) | १ |
| ८ | साधारण कामदार (General Worker) | २० | १७ | सरसफाई कर्मचारी (Cleaner) | १ |
| ९ | पशु चिकित्सक (Veterinarian) | १ | १८ | कार्यालय सहयोगी (Office Boy) | १ |
| १० | खरिद तथा आपूर्ति प्रबन्धक (Logistics Manager) | १ | १९ | कुक (Cook) | २ |
| | | | २० | स्टोर इन्चार्ज (Store in Charge) | २ |

**आवश्यक योग्यता तथा अनुभव :**

- सम्बन्धित पदमा कार्य अनुभव भएकालाई विशेष प्राथमिकता दिइनेछ ।
- प्राविधिक पदहरुका लागि सम्बन्धित विषयमा शैक्षिक योग्यता वा तालिम प्राप्त हुनुपर्नेछ ।
- इच्छुक उम्मेदवारहरुले आफ्नो अद्यावधिक गरिएको बायोडाटा (CV) र नागरिकताको प्रतिलिपि सहित यो सूचना प्रकाशित भएको मितिले (७) दिन भित्र कम्पनीको कार्यालय वा इमेलमार्फत आवेदन दिन सक्नेछ ।

सम्पर्क :

**युवरानी एग्रो इन्डस्ट्रिज लिमिटेड**

गौशाला नगरपालिका-१, महोत्तरी, नेपाल

मो.नं. : ९७०२८२०५८०, ९८०१६७५२१२, ९८०१६७५२१६,

इमेल : careers.yuwaraniagro@gmail.com

"स्वस्थ दाँत, उज्यालो मुस्कान"का लागि एकमात्र स्थान

## खर्गा दन्त उपचार केन्द्र प्रा.लि.

बर्दिवास-१ सिन्धुली रोड, महोत्तरी

☎ ९८४४३१२२४६

(लुम्बिनी हार्डवेयरसँग टाँसिएको घरको माथिल्लो तल्लामा)

**डा. गंगाराम खर्गा**

वरिष्ठ डेन्टल सर्जन

BDS(Bangladesh), PGD(Japan), MPH(USA, Dhaka)

**डाक्टर भेटने समय :** प्रत्येक दिन बिहान ९ बजेदेखि साँझ ५ बजेसम्म



**हामी कहाँ** आधुनिक जापनीज मेसिनबाट दाँत सफा गर्ने, नदुखाईकन दाँत निकाल्ने, किराले खाएको, भाँचिएको, खिएको दाँतमा उपयुक्त स्थायी/अस्थायी सिमेन्ट, सिसा र चाँदी भर्ने, दाँतको खोल(Crown) तथा सुनको खोल बनाउने, बाङ्गो टेडो, नमिलेको, खप्टिएको र छिचारु भएको दाँतलाई तार लगाएर (Ortho) मिलाइने, मुखभित्र घाउ, खटिरा आउने, गिजा सुनिने, रगत आईरहने, मुख गन्हाउने र दन्त हर्षा जस्ता रोगको उपचार गरिनुका साथै दाँत जराबाट(RCT) भर्ने, दाँतको एक्सरे गरिने ।

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- मोडल अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, सम्पादकः सन्तकुमार क्षेत्री, ग्रुप एडिटरः राजकरण महतो